# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## भुक्तानी प्रणाली विभाग

पत्र संख्या: अ.प्रा. निर्देशन ९/०७६ मितिः- २०७६/०५/२०

**RTGS System बाट भुक्तानी कारोवार गर्ने सवै इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु ।**

विषय: **RTGS System सञ्चालन सम्बन्धमा** ।

महाशय,

यस बैंकबाट सञ्चालन हुने Real Time Gross Settlement System (RTGS) बाट भुक्तानी कारोवार फर्स्यौट गर्ने सम्बन्धमा देहायमा उल्लिखित नीतिगत व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१) यस बैंकबाट सञ्चालन हुने RTGS System मा 'क' वर्गका बैंकहरुले Direct Participant भई कारोवार गर्नुपर्ने व्यवस्था गरिएकोले सोही बमोजिम मिति २०७६/०५/१९ मा RTGS System Rules जारी गरी सकिएको हुँदा सोही बमोजिम आवश्यक आन्तरिक व्यवस्था तथा Participant Agreement सम्बन्धि सम्पूर्ण कार्य मिति २०७६/०५/२४ गते भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

२) इजाजतपत्रप्राप्त 'ख' तथा 'ग' वर्गका वित्तीय संस्थाहरुलाई क्रमिक रुपमा दोश्रो चरणमा RTGS System मा सहभागी गराउने गरी कार्य भइरहेकोले उक्त संस्थाहरुले २०७६ साल पुस मसान्त भित्र आफ्नो व्यवसायको आवश्यक्ता अनुसार Direct वा Indirect Participant हुनको लागि RTGS System Rules मा भएको व्यवस्था अनुसार आवेदन गर्नु पर्नेछ ।

३) RTGS System Rules मा Direct Participant भएका बैंक तथा वित्तीय संस्थाले Straight Through Processing (STP) मार्फत कारोवार सञ्चालन गर्नु पर्नेछ । हाल केही Participant संस्थाहरु STP लागू गर्ने क्रममा रहेको पाइएको हुँदा हाललाई RTGS System को TMS/X (Web Service) मार्फत Manual Basis मा कारोवार सञ्चालन गर्न सकिनेछ । साथै, यो व्यवस्था आगामी २०७६ पुष मसान्तसम्मका लागि मात्र लागु हुने भएकोले उक्त मिति पश्चात प्रत्येक Direct Participant ले अनिवार्य रुपमा STP मार्फत RTGS कारोवार गर्नु पर्नेछ । साथै, TMS/X लाई Contingency को रुपमा चल्ने सक्ने अवस्थामा राख्नु पर्नेछ ।

४) RTGS System द्वारा कारोवार फर्स्यौट हुने क्रममा RTGS Settlement Account मा मौज्दात नपुग भई तत्काल भुक्तानी हुन नसक्ने अवस्था आएमा सदस्य बैंक वा वित्तीय संस्थालाई तत्काल

आवश्यक पर्ने Intraday Liquidity Facility (ILF) उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था भएको हुँदा सोही अनुसार गर्नु/गराउनु पर्नेछ ।

क) RTGS मा सहभागी सदस्य बैंकहरुलाई तत्काल आवश्यक पर्ने Intraday Liquidity Facility (ILF) उपलब्ध हुने छ ।

ख) बुँदा नं. (क) अनुसारको सुविधा प्रदान गर्दा यस बैंकद्वारा तोकिए बमोजिमका बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपात (SLR) को २५ प्रतिशतसम्म Intraday Liquidity Facility (ILF) प्रदान हुने छ । यसरी प्रदान हुने सुविधा रकम गणना गर्दा अनिवार्य मौज्दात (CRR) बाहेकको रकमलाई आधार मानिने छ ।

ग) Intraday Liquidity Facility (ILF) अन्तर्गत प्रदान हुने रकम RTGS प्रणालीको सोही दिन कारोवार बन्द हुने समयमा मौज्दात शुन्य हुनु पर्नेछ । यस्तो रकम RTGS Settlement Account बाट स्वतः शोधभर्ना हुने र बैंक वा वित्तीय संस्थाको RTGS Settlement Account मा यदि ILF चुक्ता गर्न पर्याप्त मौज्दात नभएमा अन्य श्रोतबाट व्यवस्था गरेर समेत सो सुविधा रकम राफसाफ गर्नु पर्नेछ ।

घ) अन्य श्रोतबाट समेत ILF वापतको रकम राफसाफ हुन नसकेमा स्थायी तरलता सुविधा प्राप्त गरी राफसाफ गर्नु पर्नेछ । साथै, सोको लागि बैंक तथा वित्तीय संस्थाहरुसँग पूर्व सम्झौता गरी उक्त रकम बराबर सुरक्षण रोक्का राख्न सक्ने व्यवस्था गरिएको छ ।

५) यस बैंकको GL System मा खाता रहेका इजाजतपत्रप्राप्त 'क' 'ख' र 'ग' वर्गका प्रत्येक बैंक तथा वित्तीय संस्थाहरुको लागि RTGS System बाट कारोवार सञ्चालन गर्न आवश्यक पर्ने Settlement Account को व्यवस्था गरिएको छ ।

६) इजाजतपत्रप्राप्त 'क' 'ख' र 'ग' वर्गका संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को इ.प्रा. निर्देशन नं. २१ को बुँदा नं. ८(क) मा उल्लेख भए बमोजिम RTGS बाट हुने प्रतिकारोवार शुल्क RTGS Rules, 2019 मा तोकिएको दरभन्दा बढी असुल गर्न पाइने छैन ।

७) RTGS System लागू भइसके पछि RTGS System Rules, 2019 ले तोके बमोजिमको कारोवारको सीमा रु.२० लाख वा सोभन्दा बढी रकमका चेकहरुको भुक्तानी अर्को सूचना जारी नभएसम्मको लागि साविक बमोजिम हुनेछ ।

८) RTGS System मा हाल Participant भइ नसकेका इजाजतपत्रप्राप्त 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरुको लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

क) Nepal Clearing House मार्फत हुने Deferred Net Settlement (DNS) Files लाई RTGS मा Settlement गर्ने व्यवस्था गरिएको हुँदा इजाजतपत्रप्राप्त 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरुले मिति २०७६/०५/२४ गते भित्रमा RTGS System Rules, 2019 को Appendix-3 अनुसारको निवेदन यस बैंकको भुक्तानी प्रणाली विभागमा पेश गर्नु पर्नेछ । सोको जानकारी नेपाल क्लियरिङ्ग हाउस लि.लाई समेत दिनु पर्नेछ ।

ख) RTGS Participant Member नभएसम्मका लागि High Value Threshold भन्दा बढीको कारोवार समेत अन्य माध्यमबाट यथावत रुपमा भुक्तानी गर्न सकिने छ ।

ग) RTGS System मा Direct Participant Member रहेका संस्थाहरुले Participant Member नरहेका संस्थासँग RTGS मार्फत कारोवार गरेमा उक्त कारोवारको जानकारी उपयुक्त माध्यमबाट यथाशीघ्र सम्बन्धित संस्थालाई गराउनु पर्नेछ ।

घ) इजाजतपत्रप्राप्त 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरुको यस बैंकमा रहेको खातामा Direct Participant को तर्फबाट RTGS System द्वारा भएको दैनिक कारोवारको Report यस बैंकबाट उपलब्ध हुनेछ ।

भवदीय,

(बम बहादुर मिश्र)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाडौं ।
७. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर काठमाडौं ।
८. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।